गण्डकी प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय, लमजुङद्वारा पेश गरिएको

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा (३) र नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः डिभिजन वन कार्यालय, लमजुङ, वेसिसहर ।

सूचना सार्वजनिक गरेको अवधिः २०८०/०१/०१ देखि २०८०/०३/३१ सम्म

### १. निकायको स्वरुप र प्रकृति

यस कार्यालय गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय अन्तरगतको जिल्ला स्तरको कार्यालय हो ।यस कार्यालयले प्रदेश सरकार र संघ सशर्त अनुदानबाट बिनियोजित वाषिक बजेट तथा कार्यक्रम र बिभिन्न ऐन, नियम अनुसार तोकिएका जिम्मेवारी सम्पादन गर्दै आएको छ ।

### २. निकायको काम, कर्तव्य र अधिकार

- राष्ट्रिय वन नीति, ऐन र नियम अनुसार डिभिजनको वन ब्यवस्थापनको लागि पञ्चबर्षिय वन व्यवस्थापन योजना तयार गरी स्वीकृतिको लागि वन निर्देशनालयमा पेश गर्ने ।
- डिभिजन वन क्षेत्रको राष्ट्रिय वन (सरकारद्वारा व्यवस्थित वन, समुदायद्धारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र) को संरक्षण, विकास, सम्वधन तथा उपयोगको लागि वन सम्वर्धन प्रणाली अनुसार दिगो तथा वैज्ञानिक वन व्यवस्थापन गर्ने ।
- डिभिजनको वन व्यवस्थापन योजना अनुसार बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतीको लागि वन निर्देशनालय मार्फत प्रदेश मन्त्रालयमा पेश गर्ने ।
- स्वीकृत वार्षिक कार्यक्रमहरु कार्यान्वयनको भौतिक तथा वित्तिय प्रगति तालुक निकायहरुमा पठाउने ।
- डिभिजन क्षेत्रमा वन अतिक्रमण, वन पैदावार चोरी निकासी, वन्यजन्तु चोरी शिकार रोकथाम तथा नियन्त्रणको व्यवस्था मिलाउने ।
- सामुदायिक वन, शहरी वन, सार्वजनिक वन, कृषि वन, धार्मिक, कवुलियती र निजी वन हस्तान्तरण, नवीकरण र व्यवस्थापनको लागि आवश्यक प्राविधिक सहयोग उपलव्ध गराउने ।
- वन व्यवस्थापन पद्धति अनुसार स्वटीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार निस्कन सक्ने काठ, दाउरा, जडीबुटी जस्ता वन पैदावारको लिलाम विक्री वितरण गरी राजश्व संकलन तथा आम्दानी गर्ने,गराउने ।

- डिभिजन वनको कार्य क्षेत्र भित्र उत्पादित वन पैदावारको सतत् तथा सरल आपूर्ती तथा स्थानान्तरणको प्रवन्ध मिलाउने ।
- डिभिजन वन क्षेत्रमा मानव वन्यजन्तु सहअस्तित्व कायम गराउनको लागि वन्यजन्तुहरुको संरक्षण र वासस्थान व्यवस्थापनका कार्यहरु गर्ने, गराउने ।
- राष्ट्रिय वन क्षेत्रमा संचालन हुने राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनहरुमा सहजीकरण गर्ने गराउने ।
- वन क्षेत्र तथा निजी आवादीमा जडीबुटी खती विस्तार, पर्यापर्यटन प्रर्वधन, सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापनको संभाव्यताका आधारमा योजना तथा कार्यक्रम प्रस्ताव गरी स्वीकृत पश्चात कार्यान्वियन गर्ने गराउने ।
- जलवायु परिवर्तन अनुकुलन, कार्वन उत्सर्जन न्यूनीकरण (रेड) सम्वन्धी कार्यक्रमहरु कार्यान्वियन गर्ने÷गराउने । वन, वन्यजन्तु, जैविक विविधता, जलवायु परिवर्तन अनुकूलन, कार्वन उत्सर्जन न्यूनीकरण, वातावरण संरक्षण र वन डढेलो रोकथाम तथा नियन्त्रण सम्वन्धी महत्व झल्काउने विभिन्न ज्ञानवर्धक प्रचार प्रसार सामाग्री उत्पादन गरी वितरण गर्ने÷गराउने ।
- डिभिजन कार्य क्षेत्रमा रहेका संघीय, प्रादेशिक तथा स्थानीय तह, सरकारी निकाय तथा गैह्रसरकारी सघ संस्थाहरुसंग समन्वय तथा सहकार्य गरी वन, वन्यजन्तु, वातावरण संरक्षण लगायतका वन सम्वर्धन कार्य गर्न सहयोग जुटाउने ।
- स्थानीय तहबाट वनको विकास र व्यवस्थापन सम्वन्धी कार्यमा प्राविधिक सहयोग माग भएमा उपलब्ध गराउने ।
- निजी वन दर्ता गर्न सम्बन्धित स्थानीय तहलाई स्थलगत निरीक्षण प्रतिवेदन साथ सिफारिस गर्ने ।
- डिभिजन वन कार्यालयमा स्वीकृत वन विकास कार्यक्रमहरुको संचालन, कार्यान्वियन र अनुगमन गरी प्रतिवेदन वन निर्देशनालय मार्फत मन्त्रालयमा पेश गर्ने ।
- वन कार्यालयकोदैनिक सामान्य तथा आर्थिक प्रशासन संचालन गर्नुका साथै जनतालाई प्रवाह गर्नुपर्ने सेवा सुविधा चुस्त, दुरुस्त, प्रभावकारी बनाई वन प्रशासन कायम गर्ने ।
- वन सम्वन्धी तथ्यांक, श्रेस्ता, पुस्तिका आदि संकलन एवं संयोजन गरी कार्यालयको अभिलेख व्यवस्थापन तथा अद्यावधिक गर्ने गराउने ।
- डिभिजन वन कार्यालय लगायत मातहतका कार्यालयहरुको भौतिक साधनहरुको स्याहार, सम्भार तथा मर्मत गर्ने व्यवस्था गर्ने ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण

यस कार्यालय ४५ जना कर्मचारीको दरवन्दी रहेको छ । यस मध्ये वन अधिकृत ३, अधिकृत छैटौं १, सहायक चौथो १ र वन रक्षक १८ पद रिक्त छन् । वन तथा भूसंरक्षण विभागबाट २ जना फरेष्टर कामकाजमा रहनुभएको छ । यस डिभिजन अन्तरगतका ६ वटा सवडिभिजन वन

कार्यालय रहेका छन् । यस कार्यालय र मातहतका सबडिभिजनमा रहेका कर्मचारीको नामावली तथा कार्यविवरण अनुसूची १ मा राखिएको छ ।

## ४. निकायबाट प्रदान गरिने सेवा

- स्वीकृत वार्षिक कार्यक्रम कार्ययोजना बनाई कार्यक्रम संचालन गर्ने ।
- राष्ट्रिय वन समुदाय मार्फत सामुदायिक वन, कबुलियती वन र धार्मिक वनको रुपमा व्यवस्थापन गर्न समूह गठन तथा दर्ता र कार्ययोजना स्वीकृति तथा कार्ययोजना नविकरण गर्ने । समूहलाई कार्ययोजना निर्माण र कार्यान्वयनमा प्राविधिक सहयोग गर्ने । नियमित रुपमा समूहहरुको अनुगमन तथा मूल्यांकन गर्ने ।
- विभिन्न प्रजातीका विरुवा उत्पादन, बृक्षारोपण, वन सम्बर्धन जस्ता कार्यबाट वनको विकास गर्ने र हरियाली प्रवर्धन गर्ने।जडिबुटी विकास कार्यक्रम, कृषिवन विकास कार्यक्रम आदी मार्फत समूह तथा कृषकहरुको आम्दानी बढाउने ।
- वन अतिक्रमण, वन डढेलो, चोरी कटानी, चरिचरन, बसोबास वा पुनर्बास जस्ता कार्यको रोकथाम र नियन्त्रण गरी वनको संरक्षण गर्ने । राष्ट्रिय वन क्षेत्रको कुनै भाग कसैले गैरकानूनी रुपमा दर्ता गरेको भए बदर गर्ने ।
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न सिफारिस गर्ने र सम्झौता भईसकेपछि शर्तपालना गर्न लगाउने ।
- वन पैदावार (काठ, दाउरा, जडिबुटी तथा गैरकाष्ठ वन पैदावार) को संकलन ईजाजत, नाप पैमाईस र ओसारपासार ईजाजत (छोडपूर्जी) दिने ।
- मानव-बन्यजन्तु द्वन्द न्यूनिकरण गर्ने, वन्यजन्तुबाट हुने क्षतीमा पिडितलाई राहत दिने, आवश्यकता अनुसार वन्यजन्तुको नियन्त्रण, उद्दार, उपचार, पुनर्स्थापना, मृत व्यवस्तापन तथा स्थानान्तरण गर्ने र मार्न आदेश दिने ।
- वन नियमावली, २०७९ को नियम ३६, ३७ , ७९, ८५ , १२४ र १२५ वमोजिम जोखिमयुक्त, कार्यालय परिसरका रहेका, धार्मिक वनभित्र रहेका जोखिमयुक्त रुख, सार्वजनिक जग्गामा रहेका रुख , वेवरिसी तथा दहत्तर बहत्तर काठ दाउरा र अध्ययन अनुसन्धानको लागि कटान भएका रुखहरुको व्यवस्थापन गर्ने ।
- वन नियमावली, २०७९ को नियम १२८ बमोजिम काठ दाउरामा आधारित उद्योग (स:मिल, भेनियर तथा प्लाईउड) सूचीकृत गरी प्रमाणपत्र दिने ।सामुदायिक वन, कबुलियती वन र स:मिलको टाँचा दर्ता तथा नविकरण गर्ने ।
- वन नियमावली, २०७९ को नियम ८१ बमोजिम निजी वन दर्ता गर्न सम्बन्धित स्थानीय तहलाई सिफारिस गर्ने आदि ।
- वन पैदावारमा आधारित उद्योग दर्ताको लागि दूरी निर्धारित गर्नु पर्ने भए यस कार्यालयको अधिकृतको संयोजकत्वमा नापी कार्यालयका प्राविधिकबाट दुरी नापजाँच गरी पर्यटन तथा घरेलु कार्यालयका कर्मचारीको उपस्थितिमा दूरी निर्धारण गरी सिफारिस गर्ने ।
- काष्ठ जन्य उद्योगको काठदाउराको लगत र स्टक प्रमाणित गर्ने ।
- मुद्दाको अनुसन्धान, तहकिकात गर्ने । उजुरी जाँचबुझ/छानविन गर्ने ।
- सूचनाको हक सम्बन्धी ऐन, नियम अनुसार सूचना/विवरण मागभएमा उपलव्ध गराउने ।

- विनियोजन बजेट, आम्दानी, खर्च, राजश्व, धरौटी, बेरुजु फछ्यौंट लगायतका लेखा सम्बन्धी काम ।
- संवैधानिक निकायहरु, संघीय मन्त्रालय, विभागहरु, प्रदेश मन्त्रालय तथा निर्देशनालय, जिल्ला स्थित कार्यालयबाट भए भए गरेका निर्देशन, परिपत्र अनुरुपका अन्य कार्यहरु गर्ने ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क्र.स. | कर्मचारीको नाम, थर | पद | कार्यविवरण |
|---|---|---|---|
| १ | सन्तोष खनाल | वन अधिकृत | योजना तथा व्यवस्थापन शाखा, सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति, विपद् सम्पर्क अधिकारी |
| २ | अरुण पराजुली | वन अधिकृत | योजना तथा व्यवस्थापन शाखा, कर्मचारी प्रशासन शाखा, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको लागि आवश्यक पर्ने तथ्याङ्क उपलव्ध गराउने सम्पर्क व्यक्ति |
| ३ | नारायण प्रसाद पौडेल | सहायक लेखा अधिकृत | आर्थिक प्रशासन शाखाको कार्य गर्ने । |
| ४ | गुणा बहादुर ग्लान | फरेष्टर | कर्मचारी प्रशासन शाखा अन्तरगत दर्ता चलानी, जिन्सी |
| | | सवडिभिजन वन कार्यालय | |
| १ | श्याम नारायण सापकोटा | वन अधिकृत | सवडिभिजन वन कार्यालयसुन्दरबजारको पदीय कर्तव्य, जिम्मेवारी र तोकिएको काम |
| २ | गोविन्द प्रसाद पौडेल | वन अधिकृत | सवडिभिजन वन कार्यालय मर्स्याङ्दी, वेसिसहरको पदीय कर्तव्य, जिम्मेवारी र तोकिएको काम |
| ३ | अमृतनाथ आचार्य | वन अधिकृत | सवडिभिजन वन कार्यालय मध्यनेपालको पदीय कर्तव्य, जिम्मेवारी र तोकिएको काम |
| ४ | शंकर पुरी | वन अधिकृत | सवडिभिजन वन कार्यालय दोर्दी, राईनास-दूधपोखरी को पदीय कर्तव्य, जिम्मेवारी र तोकिएको काम |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधी

| क्र.सं. | सेवा सुविधाको प्रकार | सेवाग्रहीवर्ग/जनताले पुऱ्याउनु पर्ने प्रक्रिया | लाग्ने दस्तुर | लाग्ने समय | जिम्मेवार कर्मचारी र शाखा/फाँट | समयमा सेवा प्राप्त गर्न नसकेमा उजुरी सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. **सरकारी वन सम्बन्धी** | | | | | | |
| (क) | जडीवुटी/लघु वन पैदावार संकलन इजाजत | नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी सहित निवेदन र रोयल्टी रकम राजस्व खातामा जम्मा गरेको भौचर | रु.१० को टिकट र तोकिएको राजश्व | १५ दिन सम्म | सम्बन्धित स.डि.व.का./योजना/प्रशासन /लेखा शाखा | डिभिजनल वन अधिकृत |
| (ख) | संकलित जडीवुटी छोडपुर्जी | निवेदन, नापतौल मुचुल्का सहितको प्राविधिक प्रतिवेदन | रु.१० को टिकट | ७ दिन सम्म | सम्बन्धित स.डि.व.का./योजना शाखा | डिभिजनल वन अधिकृत |
| (ग) | वन क्षेत्र, वन पैदावार, वन्यजन्तु संरक्षण | सेवाग्राही भावनाले कार्यालयलाई सहयोग सिकायत ठाडो उजुरी निवेदन | छैन | निरन्तर / आवश्यकता अनुसार | सम्बन्धित स.डि.व.का./योजना/प्रशासन शाखा | डिभिजनल वन अधिकृत |
| २. **सामुदायिक वन विकास सम्बन्धी** | | | | | | |
| (क) | वन उपभोक्ता समूह गठन/विधान तयारी | सा.व. विकासकार्यक्रमको मार्गदर्शन २०७१ मा उल्लेखित ढांचाअनुसार वन प्राविधिकको सहयोगमा तयार गरिएको विधान वन उपभोक्ता समूह गठन सहित वन नियामावली २०७९ को अनुसूची २० को ढाँचा बमोजिमको निवेदन | छैन | १ महिना सम्म | सम्बन्धित स.डि.व.का./योजना शाखा | डिभिजनल वन अधिकृत |
| (ख) | बन कार्ययोजना तयारी र वन हस्तान्तरण | सा.व. विकास कार्यक्रमको मार्गदर्शन २०७१ मा उल्लेखित ढांचा अनुसार वन प्राविधिकको सहयोगमा तयार गरिएको वन कार्ययोजना सहित बन नियामावली २०७९ को अनुसूची | छैन | ३ महिना सम्म | डि.व.अ./सम्बन्धित स.डि.व.का./योजना शाखा | डिभिजनल वन अधिकृत |

| क्र.सं. | सेवा सुविधाको प्रकार | सेवाग्रहीवर्ग/जनताले पुऱ्याउनु पर्ने प्रक्रिया | लाग्ने दस्तुर | लाग्ने समय | जिम्मेवार कर्मचारी र शाखा/फाँट | समयमा सेवा प्राप्त गर्न नसकेमा उजुरी सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| | | २३ को ढाँचा बमोजिमको निवेदन | | | | |
| (ग) | वन कार्ययोजना नविकरण | सा.ब. विकास कार्यक्रमको मार्गदर्शन २०७१ मा उल्लेखित ढाँचा अनुसार वन प्राविधिकको सहयोगमा तयार गरिएको वन कार्ययोजना सहितको समूहको निवेदन | छैन | २ महिना सम्म | डि.व.अ./सम्बन्धित स.डि.व.का./योजना शाखा | डिभिजनल वन अधिकृत |
| (घ) | सा. व. अनुगमन तथा मूल्यांकन | उ.स.बाट समूहका सम्पूर्ण अभिलेख तथा लेखा सम्बन्धी कागजातहरु अनुगमनकर्तालाई प्रस्तुत र कार्यालयमा वार्षिक प्रतिवेदन पेश | छैन | १ महिना सम्म | डि.व.अ./सम्बन्धित स.डि.व.का./योजना शाखा | डिभिजनल वन अधिकृत |
| (ङ) | सा.व.बाट उपभोक्ता समूहले समूह बाहिर काठ/दाउरा बिक्री वितरण | सा.व.को काठ/दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका २०७१ एवं वन कार्यायोजना बमोजिम समूहको निर्णय, समूहको निबेदन, प्राविधिकबाट मार्किङ, नापजाँच सहितकोकाठ/दाउराको लगत र राय टिप्पणी बोलपत्र आब्हान गरी पारदर्शिता अपनाई लिलाम बढाबढ बिक्री बितरण | समूह बाहिर बिक्री वितरण गर्दा नियमानुसार मु.अ.कर र अग्रिम आयकर रकम जम्मा | सम्पूर्ण प्रक्रिया पुगेको ७ दिन भित्र छोडपूर्जी सहमती दिईने छ । | डि.व.अ./सम्बन्धित स.डि.व.का./योजना शाखा/लेखा शाखा | डिभिजनल वन अधिकृत |
| (च) | वार्षिक कार्यक्रम बमोजिम तालिम/ गोष्ठी/ भ्रमण/(प्रविधि हस्तान्तरण | समूहको माग, निवेदन, अभिरुची | छैन | वार्षिक कार्यक्रम र कार्यबिधी निर्देशिका बमोजिम | डि.व.अ./सम्बन्धित स.डि.व.का./योजना शाखा | डिभिजनल वन अधिकृत |
| (छ) | प्राविधिक सहयोग/कानूनी एवं परामर्श सेवा | समूहको माग, निवेदन, अभिरुची | छैन | आवश्यकता अनुसार | डि.व.अ./सम्बन्धित स.डि.व.का./योजना शाखा | डिभिजनल वन अधिकृत |

| क्र.सं. | सेवा सुविधाको प्रकार | सेवाग्रहीवर्ग/जनताले पुऱ्याउनु पर्ने प्रक्रिया | लाग्ने दस्तुर | लाग्ने समय | जिम्मेवार कर्मचारी र शाखा/फाँट | समयमा सेवा प्राप्त गर्न नसकेमा उजुरी सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| (ज) | सा.व. उपभोक्ता समूहको खाता संचालन | विधान अनुसार समूह भेलाको निर्णय सहितको निवेदन, खाता संचालन गर्नेको प्रति फोटो र नागरिकता प्रमाणपत्रको प्रतिलिपी | छैन | प्रक्रिया पुगेको १ दिन भित्र | योजना शाखा | डिभिजनल वन अधिकृत |
| **३. कबुलियती वन बिकास कार्यक्रम सम्बन्धी** | | | | | | |
| (क) | क.व. क्षेत्र छनौट, प्रारम्भिक सर्भे, समूह गठन | संभाब्य क्षेत्र सहितको समुहको निर्णय सहित निवेदन | छैन | कार्य प्रारम्भ भएको ३ महिना भित्र | सम्बन्धित स.डि.व.का./योजना शाखा | डिभिजनल वन अधिकृत |
| (ख) | क.व. कार्ययोजना तयारी तथा क.व. हस्तान्तरण | सम्बन्धित स्थलगत प्राविधिकहरुको सहयोगबाट तयार गरिएको आर्थिक संभाव्यता अध्ययन सहितको कार्ययोजना साथ निवेदन | छैन | कार्य प्रारम्भ भएको ३ महिना भित्र | सम्बन्धित निकायका स्थलगत इकाईहरु/स.डि.व.का./योजना शाखा | डिभिजनल वन अधिकृत |
| (ग) | क.व. कार्ययोजना नविकरण | वन प्राविधिकहरुको सहयोगबाट तयार गरिएको कार्ययोजना सहितको निवेदन । | छैन | कार्य प्रारम्भ भएको ३ महिना भित्र | सम्बन्धित स.डि.व.का./योजना शाखा | डिभिजनल वन अधिकृत |
| (घ) | वार्षिक कार्यक्रम बमोजिम तालिम गोष्ठी/ भ्रमण/ प्रविधि हस्तान्तरण | समूहको माग, निवेदन, अभिरुची | छैन | वार्षिक कार्यक्रम र कार्यबिधी निर्देशिका बमोजिम | सम्बन्धित स.डि.व.का./योजना शाखा | डिभिजनल वन अधिकृत |
| **४. निजी वन सम्बन्धी** | | | | | | |
| (क) | निजी वन दर्ता सिफारिस | नापी नक्सा, जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी, तिरो तिरेको रसिदको प्रतिलिपी, स्थानीय तहको सिफारिस, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी सहित वन नियमावली २०७९ को अनुसूची ४६ कोढाँचा अनुसारको निवेदन र स्थलगत जाँचबुझ सजमिन मुचुल्का | रु. १०/- को टिकट | २ महिना सम्म | सम्बन्धित स.डि.व.का./योजना शाखा | डिभिजनल वन अधिकृत |

| क्र.सं. | सेवा सुविधाको प्रकार | सेवाग्रहीवर्ग/जनताले पुऱ्याउनु पर्ने प्रक्रिया | लाग्ने दस्तुर | लाग्ने समय | जिम्मेवार कर्मचारी र शाखा/फाँट | समयमा सेवा प्राप्त गर्न नसकेमा उजुरी सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| (ख) | निजी वनको रुख काट्न ईजाजत | निजी वन दर्ता प्रमाण पत्र, नेपाली नागरीकताको प्रतिलिपीसहितको निवदेन तथा जाँचवुझ प्रतिवेदन | रु. १०/- को टिकट | १५ दिन सम्म | सम्बन्धित स.डि.व.का./योजना शाखा | डिभिजनल वन अधिकृत |
| (ग) | नम्वरी आवादीको रुख काट्ने ईजाजत | नापी नक्सा, जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी, मालपोत तिरेको रसिदको प्रतिलिपी, स्थानीय तहको सिफारिस, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी सहित निवेदन र स्थलगत जाँचबुझ प्रतिवेदन | रु. १०/- को टिकट | १५ दिन सम्म | सम्बन्धित स.डि.व.का./योजना शाखा | डिभिजनल वन अधिकृत |
| (घ) | निजी वन तथा नम्बरी आवादीको काठ/दाउरा विक्री वितरण ओसारपसार | वन प्राविधिकको नापजाँच लगत सहितको मुचुल्का, टाँचा लगाउन माग निवेदन र मु.अ.कर जम्मा गरेको भौचर | रु. १०/- को टिकट, मु.अ. कर रकम दाखिला भौचर | १५ दिन सम्म | सम्बन्धित स.डि.व.का./योजना शाखा/लेखा शाखा | डिभिजनल वन अधिकृत |
| ५. | धार्मिक वन सम्बन्धी | विधान र कार्ययोजना सहित निवेदन | छैन | कार्य प्रारम्भ भएको ३ महिना भित्र | सम्बन्धित स.डि.व.का./योजना शाखा | डिभिजनल वन अधिकृत |
| ६. | वन मुद्दा सम्बन्धी | उजुरी निवदेन घटनास्थल प्रकृति मुचुल्का सहितको मिसिल | मुद्दा फैसला हुदाँ नियम अनुसार लाग्ने बिगो र जरीवाना | प्रचलित ऐन कानुन बमोजिम | सम्बन्धित स.डि.व.का./योजना शाखा/प्रशासन शाखा | डिभिजनल वन अधिकृत |
| ७. | जनगुनासो एवं शिकायत ठाडो उजुरी | उजुरी निबेदन | रु. १०/- को टिकट | उजुरीको प्रकृति अनुसार | सम्बन्धित स.डि.व.का./योजना शाखा/प्रशासन शाखा | डिभिजनल वन अधिकृत |

| क्र.सं. | सेवा सुविधाको प्रकार | सेवाग्रहीवर्ग/जनताले पुऱ्याउनु पर्ने प्रक्रिया | लाग्ने दस्तुर | लाग्ने समय | जिम्मेवार कर्मचारी र शाखा/फाँट | समयमा सेवा प्राप्त गर्न नसकेमा उजुरी सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| ८. | उद्योगको स्टक चिरान तथा गोलिया काठको निकासी इजाजत | स:मिल /फर्निचरउद्योगको निवेदन, स.डि.व.का. को सिफारिस, काठ दाउराको प्रमाणित लगत समेतका कागजात डि.व.का. पेश गुर्नपर्ने | छैन | प्रकृया पुरा भएको २ दिन भित्र | सम्बन्धित स.डि.व.का./प्रशासन शाखा | डिभिजनल वन अधिकृत |
| ९. | प्राविधिक सेवा प्रदान एवं परामर्श सेवा | सम्बन्धित व्यक्ती,/समूह/ निकायबाट माग निबेदन, सोधनी | छैन | अवश्यकता अनुसार | डि.व.अ./सम्बन्धित स.डि.व.का. | डिभिजनल वन अधिकृत |
| १०. | दैवी प्रकोप/विपद सम्बन्धी | जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र | छैन | अवश्यकता अनुसार यथाशिघ्र | सम्बन्धित स.डि.व.का./योजना शाखा/प्रशासन शाखा | डिभिजनल वन अधिकृत |
| ११ | सूचना तथा विवरण माग | ढाँचा बमोजिम प्रयोजन उल्लेख गरी निवेदन दिनु पर्ने | १५ दिन | प्रचलित कानून बमोजिम | सूचना अधिकारी | डिभिजनल वन अधिकृत |

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकार

**प्रक्रियाः** आवश्यकतानुसार स्टाफ बैठक, सम्बन्धित शाखा प्रमुखको राय, कार्यदल/समितिको राय र टिप्पणी, लगत अनुमान स्वीकृत र प्रदेशको एकीकृत कार्यविधि र कार्यक्रम कार्यान्वयन मापदण्ड समेतका विधि र प्रक्रिया अपनाईने ।

**अधिकारः** कानुनी र निर्णय गर्ने अधिकार कार्यालय प्रमुखमा निहित रहेको ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

नामः पूर्णेश्वर सुवेदी
पदः डिभिजनल वन अधिकृत
तहः अधिकृत (दशौ तह)

## ९. सम्पादन गरेका कामको विवरण

- आ.व.२०७९/८०को बार्षिक कार्यक्रमको समापन।वार्षिक तथा तेस्रो चौमासिक प्रगति विवरण/प्रतिवेदन तयारी र पेश ।
- समीक्षा लगायत २४ वटा गोष्ठी /तालिम/बैठक/स्थलगत अभ्यास सम्पन्न ।
- कर्मचारी बैठक ५ पटक
- उजुरी पेटिकामा परेका २ वटा उजुरी/गुनासो छानविन भएको ।
- मुद्दा दायरीः नभएको । अनुसन्धान तहकिकातः ३ वटाको भईरहेको ।
- खरिद गरिएका २५,६०० गोटा र विगत बर्षमा उत्पादित ७,५०० गोटा गरी जम्मा ३३,१०० गोटा जडीबुटीका विरुवा (सतुवा, टिमुर, ओखर) बिभिन्न कृषक र समूहलाई वितरण गरिएको । पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार कार्यक्रमबाट थप ८,००० गोटा सतुवा र एक निर्वाचन क्षेत्र एक कृषिवन नमूना कार्यक्रमबाट थप २,०१५ गोटा टिमुर बृक्षारोपण भएको ।
- फुलिङ्गिरी सामुदायिक वनमा सुगन्धकोकिलाको नमूना प्लटा स्थापना गरिएको ।
- नदी उकास (मध्यनेपाल-४) मा २,२०० गोटा सिसौका विरुवा र पहिरो ग्रस्त क्षेत्रहरु (दोर्दी-७) ९६० गोटा बाँसका विरुवा रोपण गरिएको ।
- डिभिजन नर्सरी र सवडिभिजन वन नर्सरी गरी ५ वटाको मर्मत गरिएको । ति नर्सरीमा बहुउपयोगी २५,००० गोटा र बहुवर्षिय २०,००० गोटा गरी जम्मा ४५,००० गोटा विरुवा उत्पादन भएको । सो मध्ये असार मसान्तसम्म १७,३०० गोटा विरुवा वितरण भएको । बहुबर्षिय विरुवाहरु ठुलो साईजमा भएपछि वितरण गरिने ।
- ७ वटा सामुदायिक वनमा ८ वटा पानी पोखरी निर्माण भएको ।
- ५ वटा उद्यान निर्माण भएको (राईनास-४, राईनास-९, राईनास-५, मर्स्याङ्दी-७, बेसिसहर-२,) ।

- २१ वटा सामुदायिक वन र १२ वटा कबुलियती वनको कार्ययोजना पुनरावलोकन भएको ।
- १० पटक वन्यजन्तुको उद्दार तथा मृत व्यवस्थापन गरिएको ।
- वन्यजन्तुबाट कुनै मानवीय क्षती नभएको ।
- ६८ वटा पशुधनको क्षति भएकोमा राहत स्वरुप रु. ५,१२,५००।- सम्बन्धित पशुधनीलाई वितरण गरिएको ।
- संचार माध्यम (रेडियो एफएम र छापा पत्रिका) बाट वन, वातावरण र वन्यजन्तु संरक्षण सम्बन्धी सूचना, सन्देश प्रसारण, प्रकाशन भएको ।
- कार्यालय प्रयोजनका लागि मेशीनरी औजार, फर्निचर फिक्चर्स, अग्नि नियन्त्रण सामाग्री, उपकरण तथा सामान र वन सर्वेक्षण, वन्यजन्तु अनुगमन, उद्दार, वन व्यवस्थापन सम्बन्धी सामाग्री खरिद गरी उपयोग गरिएको ।
- ६ वटा समूहलाई वन व्यवस्थापन औजार सामाग्री खरिद गरी वितरण गरिएको ।
- ३ वटा मोटरसाईकल थप भएको (रेड कार्यान्वय केन्द्रबाट प्राप्त १, प्रदेश सरकारबाट बिनियोजित बजेटबाट खरिद १ र कन्टिजेन्सी रकमबाट खरिद १ )
- सवडिभिजन वन कार्यालयको संस्थागत सुदृढीकरण भएको ।
- गत आ.व. मा ३७ वटा सामुदायिक वनमा २११ हेक्टर वन क्षेत्रमा वन डडेलो लागेकोमा समूह, वन कर्मचारी र सुरक्षाकर्मीको सहयोगमा निभाउन पहल गरिएको ।
- बिभिन्न ८ किसिमका ब्रोसर, २ वटा पुस्तिका प्रकाशन गरिएको ।

## १०. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद

| सूचना अधिकारी | कार्यालय प्रमुख |
|---|---|
| नामः सन्तोष खनाल<br>पदः वन अधिकृत<br>तहः अधिकृत (आठौ तह)<br>सम्पर्क नं. ९८५६०४६८०९<br>ईमेलः santoshkhanal2031@gmail.com | नामः पूर्णेश्वर सुवेदी<br>पदः डिभिजनल वन अधिकृत<br>तहः अधिकृत (दशौ तह)<br>सम्पर्क नं. ९८५६०४६६३०<br>ईमेलः dfolamjing1@gmail.com |

## ११. मुख्य मुख्य ऐन, नियम वा निर्देशिकाको सूची

१. वन ऐन २०७६, नियमावली २०७९
२. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, नियमाबली २०३०
३. वातावरण संरक्षण ऐन, २०७६, नियमावली २०७७
४. संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३, नियमावली २०७६

५.  वर, पिपल, समी र चौतारो संरक्षण ऐन, २०७५ (गण्डकी प्रदेश)
६.  वन पैदावार विक्रि वितरण निर्देशिका, २०७३
७.  सामुदायिक वनको काठ,दाउरा संकलन तथा बिक्रि वितरण निर्देशिका, २०७१
८.  सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०७१
९. सामुदायिक बन उपभोक्ता समूहको आर्थिक कार्यविधि निर्देशिका, २०७३
१०.  सामुदायिक वनमा पर्यापर्यटन प्रबर्धन कार्यविधि, २०७५
११.  वन श्रोत सर्वेक्षण मार्गदर्शन, २०६१
१२.  गैरकाष्ठ वन पैदावारको स्रोत सर्वेक्षण मार्गदर्शन, २०६९
१३.  राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी मापदण्डसहितको कार्यविधि, २०७६
१४. वन्यजन्तुबाट हुने क्षतीको राहत सहयोग निर्देशिका, २०८०
१५. निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५१
१६. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९, नियमावली, २०७९
१७. सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली, २०६४
१८. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली २०७७
१९. सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५
२०. मुलुकी अपराध कार्यविधि (संहिता) ऐन, २०७४
२१. मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४
२२. सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४, नियमावली, २०६५

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

### आ.व. २०७९/८० को बजेट विनियोजन र खर्चको वित्तिय अवस्था

| क्र.सं. | कार्यक्रम | बिनियोजित बजेट (हजारमा) | वित्तिय प्रगति | |
|---|---|---|---|---|
| | | | खर्च | खर्च प्रतिशत |
| १ | प्रदेश सरकार, डिभिजन वन कार्यालय | | | |
| | प्रशासनिक चालु | ३१८४९ | १९९९६.५१ | ६२.७९ |
| | विकास चालु | ४४२० | २९८८.२८ | ६७.६१ |
| | पूँजीगत | ३६५५ | ३६२०.३९ | ९९.०५ |
| | जम्मा | ३८९२४ | २६६०५.१७ | ६६.६४ |
| | प्रदेश तर्फको विकास कार्यक्रमको | ८०७५ | ६६०८.६७ | **८१.८४** |
| २ | संघ सशर्त अनुदान | | | |
| | वन तथा भू संरक्षण विभाग (प्रशासनिक चालु) | १३६७.६५७ | १२७४.८७ | ९३.२२ |
| | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ५०० | ५०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| | (विकास चालु) | | | |
| | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (पूँजीगत) | २८०० | २५३३.८९ | ९०.५० |
| | वातावरण विभाग | ७५०० | ५३३६.६० | ७१.१५ |
| | जडीबुटी विकास कार्यक्रम | २२०० | २१८०.४० | ९९.११ |
| | जम्मा | १४३६७.६६ | ११८२५.७५ | ८२.३१ |
| | विकास कार्यक्रमको जम्मा | १३००० | १०५५०.८९ | **८१.१६** |
| **प्रदेश र संघको विकास कार्यक्रम तर्फ** | | | | **८१.४२** |

## राजश्वको विवरण

आ.ब. २०७९/८० मा वन रोयल्टी बापत कुल १४,९०,५८७।- राजश्व संकलन भएको छ भने मूल्य अभिबृद्दि कर बापत रु. ८१,७४,८८९।- रकम कर दाखिला भएको छ ।

## १३. तोकिए बमोजिमका अन्य विवरण

- ३ वटा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी एकिन राय सहितको विवरण वन तथा भू संरक्षण विभागमा पठाईएको छ ।
- मर्स्याङ्दी कोरीडोर २२० के.भी. प्रसारण लाईनमा परेका ४ वटा सामुदायिक वनका रुख कटानबाट उत्पादित १४,५६४।२० क्यूफिट र दाउरा ४९।४३ चट्टा दाउरा डिभिजन वन कार्यालय मार्फत सम्बन्धित समूहलाई हस्तान्तरण गरिएको छ ।
- ४ वटा आयोजनाबाट सट्टाभर्ना बापत १७.७२२२ हेक्टर जग्गा वन तथा भू-संरक्षण विभागको नाममा रजिष्ट्रेसन पास भएको छ ।
- ९ वटा आयोजनाले राष्ट्रिय वन क्षेत्र प्रयोग गरे बापत तिर्नुपर्ने कबुलियती वनको दस्तुर संकलन भएको छ ।
- ८ वटा फर्निचर उद्योग दर्ता प्रकृयाको लागि दूरी प्रमाणित गरिएको । २ वटा स:मिल डिभिजन वन कार्यालयमा सूचिकृत भएको ।
- ३ वटा सामुदायिक वनको फलामे टाँचा दर्ता गरिएको ।
- राष्ट्रिय भूमी आयोग, जिल्ला समिति, लमजुङको पदेन सदस्यमा यस कार्यालयका वन अधिकृत सन्तोष खनाललाई तोकिएकोमा निजले कामकाज गर्दै आएको ।

## १४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण

(क) गण्डकी प्रदेश सरकार, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय अन्तरगतको डिभिजन वन कार्यालयहरु कार्यक्रमहरु संचालन गरेको ।

(ख) संघ सशर्त अनुदान अन्तरगतका बिभिन्न ४ वटा कार्यक्रमहरु संचालन गरेको ।

## १५. सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण

वेवसाईटःwww.dfolamjung.gov.np

ईमेल dfolamjung1@gmail.com

फेसबुकः डिभिजन वन कार्यालय लमजुङ

## १६. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

- नभएको

## १७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

प्रदेश सरकार तर्फको कार्यक्रम र संघ सशर्त अनुदान तर्फको कार्यक्रम संचालन गरेको । सो को वार्षिक प्रगति प्रतिवेदन वेवसाईट www.dfolamjung.gov.npमा राखिएको ।

## १८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना सम्प्रेषण गर्न तोकिएको समयावधि

- नभएको

## १९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण

- पृथ्वीमान घले (वेसिसहर-१०, लमजुङ) ले माग गरेको सूचना तथा विवरण यस कार्यालयले मिति २०७९/०४/१६ मा उपलव्ध गराएको ।निजलाई माग गरेको अर्को सूचना लिन मिति २०७९/१२/१७ मा पत्र मार्फत कार्यालयमा आई सूचना लिन अनुरोध गरेकोमा सूचना लिन नआएको ।
- प्रत्यक्ष मौखिक तथा फोन मार्फत माग गरिएका सूचना सोही माध्यमबाट सोही दिन प्रदान गरिंदै आएको ।

## २०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण

- कार्यालयमा सूचना पाटीको व्यवस्था छ । कतिपय कार्यालयको सार्वजनिक सूचना वा जानकारी सूचना पाटीमा टाँस गर्ने गरिएको छ ।

- डिभिजन वन कार्यालयको संस्थागत फेसबुक पेज मार्फत सूचना/जानकारी सम्प्रेषण गरिदै आएको छ ।
- कार्यक्रम, कार्ययोजना, पुस्तिका, ब्रोसर, सूचना, प्रगति विवरण आदी कार्यालयको वेवसाईटमा राख्रे गरिएको छ ।
- जिल्लास्थित पत्रपत्रिकाहरु र रेडियोहरुबाट समेत सूचना तथा जानकारी प्रकाशन तथा प्रसारण गरिदै आएको छ ।

## अनुसूची-१
## डिभिजन वन कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

| सि. नं. | पद | कर्मचारीको नामथर | जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | डिभजनल वन अधिकृत | पूर्णेश्वर सुबेदी | डिबिजन वन कार्यालय लमजुङ | ९८५६०४६६३० |
| २ | वन अधिकृत | श्याम नारायण सापकोटा | स.डि.व.का.सुन्दरबजार | ९८५७०२८००६ |
| ३ | वन अधिकृत | गोबिन्द प्रसाद पौडेल | स.डि.व.का.बेसिसहर र मर्स्याङ्दी | ९८५६०४६८०१ |
| ४ | वन अधिकृत | अमृत नाथ आचार्य | स.डि.व.का.मध्यनेपाल | ९८५६०४६८०३ |
| ५ | वन अधिकृत | सन्तोष खनाल | डि.व.का. | ९८५६०४६८०९ |
| ६ | वन अधिकृत | अरुण पराजुली | डि.व.का. | ९८५६०६५४२१ |
| ७ | वन अधिकृत | शंकर पुरी | स.डि.व.का.राईनास-दूधपोखरी र दोर्दी | ९८५६०६४७२२ |
| ८ | वरिष्ठ रेन्जर | प्रगति शर्मा | डि.व.का. | ९८४६१३१५६८ |
| ९ | सहायक लेखा अधिकृत | नारायण पौडेल | डि.व.का. | ९८४७६०३२०६ |
| १० | फरेष्टर | गुण बहादुर ग्लान | डि.व.का. | ९८४१७०१८५९ |
| ११ | फरेष्टर | खुमराज थापामगर | स.डि.व.का.मर्स्याङ्दी | ९८४६९२०३८५ |
| १२ | फरेष्टर* | कबिता घलान | स.डि.व.का.बेसिसहर | ९८६९५६४७९३ |
| १३ | फरेष्टर* | प्रमोद सुनार | स.डि.व.का.दोर्दी | ९८४०२२०२३६ |
| १४ | वन रक्षक | कृष्णकान्त ढकाल | स.डि.व.का.सुन्दरबजार | ९८४१०४८०११ |
| १५ | वन रक्षक | रामनाथ पौडेल | स.डि.व.का.सुन्दरबजार | ९८४६१६४३५९ |
| १६ | वन रक्षक | ओमप्रकाश घर्ती | स.डि.व.का.दोर्दी | ९८४६१९२७६७ |
| १७ | वन रक्षक | कमले थापा | स.डि.व.का.मर्स्याङ्दी | ९८४६२५०४८७ |
| १८ | वन रक्षक | बुद्धीजंग गुरुङ | स.डि.व.का.बेसिसहर | ९८४६२५०५५५ |
| १९ | वन रक्षक | सिरमान श्रेष्ठ | स.डि.व.का.राईनास-दूधपोखरी | ९८४६४९६१९७ |

| | | | | |
|---|---|---|---|---|
| २० | वन रक्षक | ईन्द्र बहादुर घर्ती | स.डि.व.का.मध्यनेपाल | ९८५६०४५१५७ |
| २१ | ह.स.चा. | रामजी बस्ताकोटी | डि.व.का. | ९८४६०७४३६२ |
| २२ | चौकीदार | प्रेम बहादुर खत्री | डि.व.का. | ९८४१८०४८६८ |
| २३ | का.स. | मिठ्ठु खतिवडा | डि.व.का. | ९८४६१२७९९८ |
| २४ | का.स. | कुशल गुरुङ | डि.व.का. | ९८१६१०८८९३ |

- डिभिजन वन कार्यालयमा वन अधिकृत ३, नायब सुब्बा (वा छैटौं अधिकृत) १, खरिदार १ र वन रक्षक १८ गरी २३ जना दरबन्दी रिक्त रहेको ।
- * संघमा दरबन्दी रही फाजीलमा रहेका २ जना फरेष्टर कार्यरत रहेको ।
- आ.ब.२०७९/८०मा कवुलियती वन विकास कार्यक्रमबाट एक जना सुपरभाईजर रेन्जर राख्न सकिने कार्यक्रम अनुसार उक्त कार्यक्रममा एक जना करार सेवामा प्रवीण कुमार गिरी कार्यरत रहेकोमा आ.ब. २०८०/८१देखि नरहेको ।

# अनुसूची २
# वार्षिक प्रगति विवरण

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

**आ.व. २०७९।२०८० को वार्षिक प्रगति विवरण (बजेट रु लाखमा)**

१. आ.व. २०७९।२०८०
२. कार्यक्रम शिर्षकः प्रदेश सरकारको कार्यक्रम खर्च (३२००२००२)
३. मन्त्रालय : वन, वातावरण तथा भू संरक्षण मन्त्रालय
४.विभाग/संस्था वन तथा वातावरण
५.कार्यक्रम/आयोजनाको नाम : डिभिजन वन कार्यालय, लमजुङ
६. स्थान : क जिल्ला : ३२००२३७०१४ डिभिजन वन कार्यालयय

७. वार्षिक बजेट(रु.):८०.७५
क) आन्तरिकः १) प्रदेश सरकार :
ख)स्थानीय निकाय
ग)जनसहभागिता

८. स्रोत : प्रदेश सरकार
९. आयोजना सुरु हुने मितिः २०७९।०४।०१
१०. आयोजना पुरा हुने मितिः २०८०।०३।३१

गण्डकी प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वन निर्देशनालय डिभिजन वन कार्यालय लमजुङ बेसीशहर, लमजुङ, नेपाल

| क.स. | कार्यक्रमको विवरण | खर्च शिर्षक | ईकाई | वार्षिक लक्ष्य परिमाण | वार्षिक लक्ष्य भार | वार्षिक लक्ष्य वजेट | वार्षिक प्रगति परिमाण | वार्षिक प्रगति भार | वार्षिक प्रगति वजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अ) पूंजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | |
| ११.३.२.१ | मोटरसाइकल खरिद | ३११२१ | वटा | १.०० | ३.७२ | ३.०० | १.०० | ३.७२ | ३.०० | |
| ११.३.७.३ | कार्यालय प्रायोजनका लागी मेशिन औजार खरिद(कम्प्यूटर/ ल्यापटप/ प्रिन्टर/ सोलार/इन्भटर आदि) | ३११२२ | पटक | ३.०० | ४.०९ | ३.३० | ३.०० | ४.०९ | ३.३० | |
| ११.५.४२.१ | डिभिजन तथा सब डिभिजन वन कार्यालयको भवन सुधार ,मर्मत तथा स्तरोन्नती | ३११६१ | पटक | १.०० | ६.१९ | ५.०० | १.०० | ६.१९ | ५.० | |
| ११.६.१३.३ | कार्यालयको लागि फर्निचर फिक्चर्स(अन्य पूंजीगत ) | ३११२३ | पटक | १०.०० | ३.१० | २.५० | ०.०० | ३.०२ | २.४४ | |
| ९ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | | | | | | | | | |
| ११.३.२२.४ | वन सर्वेक्षण, वन्यजन्तु अनुगमन, वन व्यवस्थापन सम्वन्धी सामाग्री खरिद | ३११२३ | पटक | १.०० | ३.७२ | ३.०० | १.०० | ३.७२ | ३.०० | |
| १ | सामुदायिक वन विकास कार्यक्रम | | | | | | | | | |
| ११.४.१७.२३ | सामुदायिक वनमा पानी पोखरी निर्माण | ३११५७ | पटक | ६.०० | ७.४३ | ६.०० | ६.०० | ७.३५ | ५.९३ | |
| ११.४.१७.२३३ | सामुदायिक वनमा पानी पोखरी निर्माण, झाक्रीथान सामुदायिक वन, राइनास -३ | ३११५७ | पटक | १.०० | २.४८ | २.०० | १.०० | २.४८ | २.०० | |
| १० | शहरी वन विकास कार्यक्रम | | | | | | | | | |
| ११.४.१७.२२१ | चक्रतीर्थ धाममा हरित पार्क निर्माण, राइनास-४ अल्कटार | ३११५७ | पटक | १.०० | ६.१९ | ५.०० | १.०० | ५.९३ | ४.७९ | |
| ६ | नर्सरी र वृक्षारोपण कार्यक्रम | | | | | | | | | |
| ११.४.१७.२३७ | पहिरो ग्रस्त क्षेत्र / खोला किनारा बृहत बाँस रोपण कार्यक्रम | ३११५७ | प्याकेज | १.०० | ३.७२ | ३.०० | १.०० | ३.७१ | २.९९ | |
| ११.४.१७.२७५ | विरुवा उत्पादन- (विभिन्न प्रकारका काष्ठ, डालेघाँस तथा बहुउपयोगी प्रजाति (स्थानीय माग र अनुकुलताका आधारमा) | ३११५७ | वटा | २५०००.०० | ४.६४ | ३.७५ | २५०००.०० | ४.६४ | ३.७५ | |
| | **पुँजिगत खर्चको जम्मा** | | | | **४५.२६** | **३६.५५** | | **४४.८३** | **३६.२०** | |
| आ | चालु खर्च अन्तर्गतका कार्याक्रमहरु | | | | | | | | | |
| ११ | **प्रचारप्रसार तथा संरक्षण शिक्षा ( क्षमता बिकास)** | | | | | | | | | |
| २.७.५.१८ | प्रगति समिक्षा र वार्षिक योजना तर्जुमा गोष्ठी | २२५२२ | पटक | २.०० | १.२४ | १.०० | २.०० | १.२४ | १.०० | |

पूर्णेश्वर सुवेदी
डिभिजनल वन अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.७.५.६१ | संचार माध्यमबाट वन, वातारण तथा वन्यजन्तु संरक्षण सम्बन्धी सूचना प्रसारण | २२५२२ | प्याकेज | १.०० | १.८६ | १.५० | १.०० | ०.११ | ०.०९ | |
| २.७.२१.११९ | वातावरण संरक्षण तथा प्रदुशण नियन्त्रण सम्बन्धी अन्तर्क्रिया गोष्ठी | २२५२२ | पटक | ३.०० | १.११ | ०.९० | ३.०० | १.११ | ०.९० | |
| १ | **सामुदायिक वन विकास कार्यक्रम** | | | | | | | ०.०० | | |
| २.७.७.३७ | सामुदायिक वनहरुको अनुगमन तथा प्रतिबेदन तयारी | २२५२२ | प्याकेज | १.०० | २.४८ | २.०० | १.०० | २.४२ | १.९५ | |
| २.७.१९.२१ | सामुदायिक वनमा स्थलगत अभ्यास | २२५२२ | पटक | ६.०० | २.२३ | १.८० | ६.०० | २.२३ | १.८० | |
| २.७.२१.१४५ | उपभोक्ता समूहलाई वन व्यवस्थापन औजार सहयोग (औजार प्रयोग गर्ने तालिम समेत) | २२५२२ | समूह | ५.०० | ६.१९ | ५.०० | ५.०० | ६.१९ | ५.०० | |
| २.७.२१.१५५ | सा.व.उ.स.को कार्ययोजना नविकरण सहयोग (गरीव, महिला र दलित लक्षित जलवायू परिवर्तन अनुकुलन योजना) | २२५२२ | वटा | २०.०० | ४.९५ | ४.०० | २०.०० | ४.९५ | ४.०० | |
| ८ | **वन क्षेत्रका चुनौती ब्यवस्थापन** | | | | | | | ०.०० | | |
| २.७.१२.२ | मानव वन्यजन्तु द्वन्द व्यवस्थापन तथा वन्यजन्तु उद्दार | २२५२२ | जिल्ला | १.०० | ३.७२ | ३.०० | १.०० | ०.६८ | ०.५५ | |
| २.७.२१.७ | विकास र वातावरण बीच समन्वय गर्न स्थानीय तहसँग समन्वय गोष्ठी | २२५२२ | पटक | २.०० | ०.७४ | ०.६० | २.०० | ०.७४ | ०.६० | |
| २.७.२१.१४१ | वन तथा वन्यजन्तु सम्बन्धी मुद्दाको अनुसन्धान तहकीकात र मुद्दा दायरी | २२५२२ | प्याकेज | १.०० | १.२४ | १.०० | ०.०० | ०.०० | ०.०० | |
| २.७.२१.१४३ | वन अपराध नियन्त्रणको लागि गस्ति परिचालन | २२५२२ | प्याकेज | १.०० | १.२४ | १.०० | १.०० | १.१५ | ०.९३ | |
| ६ | **नर्सरी र बृक्षारोपन कार्यक्रम** | | | | | | | ०.०० | | |
| २.७.२०.४७ | चम्पावती आधारभूत विद्यालय अगाडी तारवार सहितको Fruit Forestry Model स्थापना, रा.न.पा. ३, टिमुरे | २२५२२ | प्याकेज | १.०० | ८.६७ | ७.०० | ०.०० | ०.०० | ०.०० | |
| २ | **कबुलियती वन विकास कार्यक्रम** | | | | ०.०० | | | ०.०० | | |
| २.७.२१.२१ | कवुलियती वन कार्य योजना नविकरण | २२५२२ | पटक | १२.०० | १.४९ | १.२० | १२.०० | १.४९ | १.२० | |
| २.७.२१.३२ | कवुलियती वन समुहमा सुपरिवेक्षण प्राविधिक सहयोग (रेन्जर) | २२५२२ | पटक | १.०० | ५.२० | ४.२० | १.०० | ४.८७ | ३.९४ | |
| ९ | **राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम** | | | | | | | ०.०० | | |
| २.७.२१.१४४ | वन सम्बन्धी मुद्धामा बकपत्र गर्न आउनेलाइ भ्रमण खर्च | २२५२२ | प्याकेज | १.०० | १.२४ | १.०० | ०.०० | ०.०० | ०.०० | |
| २.७.२५.२ | सव डिभिजन वन कार्यालयहरुको सुदृधिकरण तथा व्यवस्थापन | २२५२२ | पटक | ६.०० | ३.७२ | ३.०० | ६.०० | ३.७२ | ३.०० | |
| १३ | **कृषिवन प्रवर्द्धन कार्यक्रम** | | | | | | | ०.०० | | |
| २.७.२१.१६७ | एक निर्बाचन क्षेत्र एक कृषि वन नमुना कार्यक्रम | | प्याकेज | २.०० | ७.४३ | ६.०० | २.०० | ५.०१ | ४.०४ | |
| | चालु खर्चको जम्मा | | | | ५४.७४ | ४४.२० | | ३५.९१ | २९.०० | |
| | कुल जम्मा | | | | १००.०० | ८०.७५ | | ८०.७४ | ६५.२० | |
| | **बार्षिक वित्तिय प्रगति प्रतिशत** | ८०.७४ | | | | | | | | |

तयार गर्ने
अरुण पराजुली
सहायक वन अधिकृत

प्रमाणित गर्ने
पूर्णेश्वर सुवेदी
डिभिजनल वन अधिकृत
पूर्णेश्वर सुवेदी
डिभिजनल वन अधिकृत

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

**आ.व. २०७९।२०८० को बार्षिक प्रगति विवरण (वजेट रु लाखमा)**

| | | |
|---|---|---|
| १. आ.व. २०७९।२०८० | ७. वार्षिक वजेट(रु.): ३३ | ८. स्रोत : |
| २. कार्यक्रम शिर्षकः ३२०९११२१ | क) आन्तरिकः १) प्रदेश सरकार : | ९. आयोजना सुरु हुने मितिः २०७९।०४।०१ |
| ३. मन्त्रालय : वन, वातावरण तथा भू संरक्षण मन्त्रालय | ख)वैदेशिक | १०. आयोजना पुरा हुने मितिः २०८०।०३।३१ |
| ४.विभाग/संस्था : संघ सर्शत अनुदान | ग) | |
| ५.कार्यक्रम/आयोजनाको नाम :राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ शर्सत अनुदान) | घ) दातृ सस्थाः संघः ५ | |
| ६. स्थान : क जिल्ला : ३२००२३७०१४ डिभिजन वन कार्यालयय | आन्तरिक ऋणः २८ | |

| क्र.स. | कार्यक्रमको विवरण | खर्च शिर्षक | ईकाई | वार्षिक लक्ष्य | | | बार्षिक प्रगति | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | वजेट | परिमाण | भार | वजेट | |
| अ) पूंजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | |
| २ | वन,वातावरण तथा भू-संरक्षण मन्त्रालय | | | | | | | | | |
| ११.४.१७.३६२ | अग्नी नियन्त्रण सम्वन्धी सामाग्री, उपकरण तथा सामान खरिद एंव वितरण | ३११५७ | पटक | १ | ७.५७६ | २.५ | १ | ७.५७६ | २.५ | |
| ११.४.१७.३८२ | नदी उकास तथा खाली क्षेत्रमा वृक्षारोपण | ३११५७ | पटक | १ | १८.१८ | ६ | १ | १७.७ | ५.८४ | |
| ११.४.१७.३८५ | बहुवर्षिय विरुवा उत्पादन नर्सरी नाईकेको ज्याला सहित | ३११५७ | पटक | १ | ३०.३ | १० | १ | ३०.३ | १० | |
| ११.४.१७.३८६ | मानव वन्यजन्तु द्वन्द्ध व्यवस्थापन | ३११५७ | पटक | १ | १२.१२ | ४ | १ | १२.१२ | ४ | |
| ११.४.१७.३९० | वन अतिक्रमण हटाई पुनरुत्पादन व्यवस्थापन/ वृक्षारोपण | ३११५७ | पटक | १ | ७.५७६ | २.५ | ० | ० | ० | |
| ११.४.१७.३९१ | वन व्यवस्थापन गरी काठ उत्पादन(सामुदायिक /साझेदारी/ सरकारद्धारा व्यवस्थित वन) | ३११५७ | पटक | १ | ९.०९१ | ३ | १ | ९.०८८ | २.९९९ | |
| | क) पुँजिगत खर्चको जम्मा | | | | ८४.८५ | २८ | | ७६.७८ | २५.३४ | |
| आ) चालु खर्च खन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | |
| २ वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय | | | | | | | | | | |
| २.३.१२.४ | नर्सरी मर्मत | २२२३१ | पटक | १ | ७.५७६ | २.५ | १ | ७.५७६ | २.५ | |
| २.३.१२.६ | वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्यवन | २२२३१ | पटक | १ | ७.५७६ | २.५ | ० | २.२२४ | ०.७३४ | |
| | ख) चालु खर्च कार्यक्रमको जम्मा | | | | १५.१५ | ५ | | ९.८ | ३.२३४ | |
| | कुल जम्मा | | | | १०० | ३३ | | ८६.५८ | २८.५७ | |

बार्षिक वितिय प्रगति प्रतिशत ८६.५८

तयार गर्ने
अरुण पराजुली
सहायक वन अधिकृत

प्रमाणित गर्ने
पूर्णेश्वर सुवेदी
डिभिजनल वन अधिकृत

पूर्णेश्वर सुवेदी
डिभिजनल वन अधिकृत

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
डिभिजन वन कार्यालय लमजुङ
बेंसीशहर, लमजुङ, नेपाल

उद्योग, पर्यटन, वन तथा बातावरण मन्त्रालय

**आ.व. २०७९।२०८० को बार्षिक प्रगति विवरण (वजेट रु लाखमा)**

१. आ.व. २०७९।२०८०

२. कार्यक्रम शिर्षकः ३२०९११२३

३. मन्त्रालय : वन, वातावरण तथा भू संरक्षण मन्त्रालय

४.विभाग/संस्था : संघ सर्शत अनुदान

५.कार्यक्रम/आयोजनाको नाम : जडिवुटी विकास कार्यक्रम (संघ शर्सत अनुदान)

६. स्थान : क जिल्ला : ३२००२३७०१४ डिभिजन वन कार्यालयय

गण्डकी प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वन निर्देशनालय डिभिजन वन कार्यालय लमजुङ बेसीशहर, लमजुङ, नेपाल

७. वार्षिक वजेट(रु.) : २२

क) आन्तरिकः १) प्रदेश सरकार :

ख)वैदेशिक

ग)

घ) दातृ सस्थाः संघ/आन्तरिक ऋणः २२

८. स्रोत :

९. आयोजना सुरु हुने मितिः २०७९।०४।०१

१०. आयोजना पुरा हुने मितिः २०८०।०३।३१

| क्र.स. | कार्यक्रमको विवरण | खर्च शिर्षक | ईकाई | वार्षिक लक्ष्य | | | बार्षिक प्रगति | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | वजेट | परिमाण | भार | वजेट | |
| अ) पूंजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | |
| २ | वन,वातावरण तथा भू-संरक्षण मन्त्रालय | | | | | | | | | |
| ११.४.२२.४०८ | जडिवुटी विरुवा उत्पादन तथा खेती विस्तार | ३११५९ | पटक | १ | ५९.१ | १३ | १ | ५८.३१ | १२.८३ | |
| ११.४.२२.४१६ | प्राकृतिक रुपमा रहेका जडिवुटी संरक्षण तथा व्यवस्थापन सुगन्धकोकिला (मालागिरी) प्रजातिको नमुना प्लट, फूलनगिरी सा.व. दुधपोखरी गा.पा. | ३११६१ | पटक | १ | २२.७ | ५ | १ | २२.६२ | ४.९८ | |
| ११.४.२२.४१७ | पकेट क्षेत्रमा जडिवुटि खेती विस्तार- सतुवा र टिमुर लगायतका प्रजाति, मर्स्याङदी गा.पा. ७ | ३११२३ | पटक | १ | १८.२ | ४ | १ | १८.१८ | ४.०० | |
| | पुँजिगत खर्चको जम्मा | | | | १०० | २२ | १ | ९९.११ | २१.८० | |

बार्षिक वित्तिय प्रगति प्रतिशत ९९.११

तयार गर्ने
अरुण पराजुली
सहायक वन अधिकृत

प्रमाणित गर्ने
पूर्णेश्वर सुवेदी
डिभिजनल वन अधिकृत

पूर्णेश्वर सुवेदी
डिभिजनल वन अधिकृत

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

आ.व. २०७९।२०८० को बार्षिक प्रगति विवरण (वजेट रु लाखमा)

१. आ.व. २०७९।२०८०
२. कार्यक्रम शिर्षकः ३२०९११२४
३. मन्त्रालय : वन, वातावरण तथा भू संरक्षण मन्त्रालय
४.विभाग/संस्था : संघ सर्शत अनुदान
५.कार्यक्रम/आयोजनाको नाम : वातावरण विभाग (संघ शर्सत अनुदान)
६. स्थान : क जिल्ला : ३२००२३७०१४ डिभिजन वन कार्यालयय

७. वार्षिक वजेट(रु.) : ७५
क) आन्तरिकः १) प्रदेश सरकार :
ख)वैदेशिक
ग)
घ) दातृ सस्थाः संघ/आन्तरिक ऋणः ७५

८. स्रोत :
९. आयोजना सुरु हुने मितिः २०७९।०४।०१
१०. आयोजना पुरा हुने मितिः २०८०।०३।३१

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय लमजुङ
बेसीशहर, लमजुङ, नेपाल

| क.स. | कार्यक्रमको विवरण | खर्च शिर्षक | ईकाई | वार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | वजेट | परिमाण | भार | वजेट | |
| अ) पूंजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | |
| २ | वन,वातावरण तथा भू-संरक्षण मन्त्रालय | | | | | | | | | |
| ११.४.१७.३५२ | वातावरण मैत्री सहिद स्मृति हरितपार्क निर्माण तथा व्यवस्थापन, राईनास न.पा. ५, लमजुङ | ३११५७ | पटक | १ | १३.३ | १० | १ | १२.६ | ९.४३ | |
| ११.४.१७.३५५ | चेपेघाट पार्क निर्माण, राईनास न.पा. ७ ,लमजुङ | ३११५७ | पटक | १ | २६.७ | २० | ० | ० | ० | |
| ११.४.१७.३५८ | डा. हर्क गुरुङ स्मृति पार्क निर्माण तथा व्यवस्थापन, मर्स्याङदी गा.पा. लमजुङ | ३११५७ | पटक | १ | २० | १५ | १ | २० | १५ | |
| ११.४.१७.३७६ | राईनास नगरपालिका स्तरिय पार्क निर्माण राईनास न.पा., लमजुङ | ३११५७ | पटक | १ | २६.७ | २० | १ | २५.७ | १९.२७२ | |
| ११.४.१७.३९८ | चुचुरे ढुङ्गा ढ्डढ्डे डाँडा उत्तरेधारा एकीकृत पर्यावरण पार्क निर्माण, बेसीशहर २, नरुवाल, लमजुङ | ३११५७ | पटक | १ | १३.३ | १० | १ | १२.९ | ९.६६४ | |
| | पुँजिगत खर्चको जम्मा | | | | १०० | ७५ | | ७१.२ | ५३.३६६ | |

बार्षिक वित्तिय प्रगति प्रतिशत ७१.१५

तयार गर्ने
अरुण पराजुली
सहायक वन अधिकृत

प्रमाणित गर्ने
पूर्णेश्वर सुवेदी
डिभिजनल वन अधिकृत

पूर्णेश्वर सुवेदी
डिभिजनल वन अधिकृत